# गोकर्णेश्वर नगरपालिका

## शिक्षा शाखा, काठमाडौंको

## सूचना

विद्यालयको स्वामित्व, नाम र स्थान परिवर्तन बारे : (क) बौद्ध मेरिडियन स्कूल, गो.न.पा. ८ ले विद्यालयको नाम बौद्ध इन्टरनेशनल स्कूल कायम गर्न (ख) ॐ बज्र पब्लिक स्कूलको नाम ऋतम्भरा बोडिङ्ग स्कूल कायम गर्न र विद्यालय गो.न.पा. ६ बाट गो.न.पा. ५ मा स्थानान्तरण गर्न (ग) धौलागिरी इ.बो. स्कूल, का.म.पा. १६ ले विद्यालयको स्वामित्व काठमाडौं जिल्ला, गोकर्णेश्वर नगरपालिका ८ बस्ने बुद्ध श्रेष्ठ सहित ७ जनाको नाममा र विद्यालयको नाम नेपालय इङ्गलिस पब्लिक स्कूल कायम गरी विद्यालय का.म.पा. १६ बाट गो.न.पा. ८ मा स्थानान्तरण गर्न (घ) चिल्ड्रेन्स लिबर्टी, गो.न.पा. ६ ले विद्यालयको नाम सर्वनाम शिक्षालय कायम गर्न (ङ) ड्याफोडिल पब्लिक स्कूल, का.म.पा. ९, बत्तिसपुतलीले विद्यालय गो.न.पा. १, नयाँपाटीमा स्थानान्तरण गर्न (च) मदन भण्डारी मेमोरियल, का.म.पा. ६ ले विद्यालय गो.न.पा. ८ मा स्थानान्तरण गर्न (छ) एकता सदन मा.वि. ले विद्यालयको स्वामित्व तनहुँ जिल्ला वरभञ्ज्याङ्ग-१ मा बस्ने अर्जुन बहादुर अधिकारी सहित ९ जनाको नाममा गरी विद्यालय का.म.पा. वडा नं. ६ बाट गो.न.पा. ६ मा स्थानान्तरण गर्न माग गरी निवेदन प्राप्त भएको हुँदा कुनै व्यक्ति वा संघ संस्थाको कुनै किसिमको दावी भएमा यसै सूचनालाई आधार मानी आवश्यक प्रमाणसहित यो सूचना प्रकाशन भएको मितिले १५ दिनभित्र लिखित निवेदनसाथ यस कार्यालयमा सम्पर्क राख्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । अन्यथा निवेदकको माग बमोजिम हुनेछ ।